Government of Nepal
National Planning Commission

UNITED NATIONS NEPAL

# प्रेस बिज्ञप्ति

## नेपाल सरकार तथा संयुक्त राष्ट्रसङ्घ नेपालको सञ्चालन समितिको पहिलो संयुक्त बैठक सम्पन्न

**काठमाडौं, २०८० माघ ४** – नेपाल सरकार राष्ट्रिय योजना आयोग र नेपाल स्थित संयुक्त राष्ट्र सङ्घले संयुक्त राष्ट्रसङ्घीय दिगो विकास सहयोग कार्यढांचा (यूएनएसडीसीएफ) २०२३–२०२७ को सञ्चालन समितिको पहिलो बैठक संयुक्त रूपमा आयोजना गरिएको छ ।

बैठकको सहअध्यक्षता राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठ र नेपाल स्थित संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजक श्री हाना सिङ्गर हाम्दीले गर्नुभएको थियो ।

सन् २०२३ मा संयुक्त राष्ट्र सङ्घीय दिगो विकास सहयोग कार्यढांचा (यूएनएसडीसीएफ २०२३–२०२७) अवलम्बन गरेपछि बसेको नेपाल सरकार तथा संयुक्त राष्ट्रसङ्घीय संयुक्त सञ्चालन समितिको पहिलो बैठकमा २०२४ कार्ययोजनामा यूएनएसडीसीएफ कार्यढांचा अन्तर्गतका चार प्राथमिकता क्षेत्रबारे छलफल गरिएको छ । ति चार क्षेत्रहरु: दिगो, उत्थानशील र समावेशी आर्थिक रूपान्तरण; समावेशी तथा रूपान्तरणकारी मानव विकास; वातावरणीय दिगोपन, जलवायु तथा विपद् उत्थानशीलता, सङ्घीयता, सहभागिता, र समावेशीकरण रहेका छन् |

बैठकमा बोल्दै राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठले नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुकको बाट स्थरउन्नति गर्न र १६ औं विकास योजना कार्यान्वयन गर्न उत्सुक छ भन्ने बताउनुभयो । यस सन्दर्भमा उहाँले नेपालमा बढी रोजगारीका अवसर सिर्जना गर्न, उत्पादकत्व र उत्पादक क्षमता अभिवृद्धि गर्न, प्राकृतिक स्रोतहरूको दिगो उपयोग प्रवद्र्धन गर्न, प्रमाणमा आधारित नीति निर्माणका लागि तथ्याङ्क व्यवस्थापन प्रणालीलाई प्रबल बनाउन र गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सुविधामा पहुँच बढाउन संयुक्त राष्ट्रसङ्घबाट स्केलेबल, रूपान्तरणकारी र प्रभावकारी सहयोग चाहन्छ भन्नेमा प्रकाश पार्नुभयोे ।

संयुक्त संचालन समिति बैठकले, यूएनएसडीसीएफ २०२३–२०२७ का प्राथमिकताहरु नेपालको १६औं राष्ट्रिय योजनामा उल्लेख प्राथमिकतासँग र दिगो विकास लक्ष्द्वारा मार्गनिर्देशन गरेअनुसार २०२४ कार्ययोजनामा सह-स्वामित्व सुनिश्चित गर्न रणनीतिक निर्देशन प्रदान गरेको छ ।

संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजक श्री हाना सिङ्गर हाम्दीले राष्ट्रिय स्तरमा संयुक्त राष्ट्रसङ्घीय दिगो विकास सहयोग कार्यढांचा २०२३–२०२७ संयुक्त राष्ट्रसङ्घको विकास प्रणाली सुधारको कार्यान्वयनको

केन्द्रबिन्दुमा रहेको बताउनुभयो । यसले नेपालका जनता र सरकारलाई आफ्ना विकास लक्ष्य हासिल गर्न संयुक्त राष्ट्रसङ्घले कसरी सहयोग गरिरहेको छ भन्ने कुरा प्रष्ट पार्दछ भन्नुभयो |

बैठकमा नेपाल सरकारका प्रतिनिधिहरू र नेपलिस्तिथ संयुक्त राष्ट्रसङ्घ सदस्यहरू उपस्थित थिए । बैठकको नतिजाका रूपमा यूएनएसडीसीएफ २०२३–२०२७ अन्तर्गत चार नतिजा क्षेत्रका लागि आगामी वर्षका प्राथमिकतामा सहमति भएको थियो ।

आगामी १६औँ राष्ट्रिय योजनामा उल्लिखित र दिगो विकासका लागि संयुक्त राष्ट्रसङ्घ २०३० एजेन्डाद्वारा निर्देशित भई र राष्ट्रिय प्राथमिकताहरूसँग पङ्क्तिबद्धता सुनिश्चित गर्न सहयोग ढाँचाको विकास र कार्यान्वयनको रणनीतिक निरीक्षण प्रदान गर्दछ।

#

**थप जानकारीको लागि सम्पर्क गर्नुहोस्:**
**Yamlal Bhusal: Joint Secretary/Spokesperson; National Planning Commission**
**Email ylbhusal@npc.gov.np**
**Simrika Sharma: National Information Officer; UN Information Centre**
**Email simrika.sharma@un.org**